तीन

# मधेश प्रदेश सभाका विषयगत समितिहरूको कार्यशैली र प्रभावकारिता

**मन्जु यादव**

नेपालको पछिल्लो संविधान २०७२ अनुसार केन्द्र, प्रदेश र स्थानीय तहमा वि.सं. २०७४ का निर्वाचनहरूबाट निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो पहिलो कार्यकाल पूरा गरेका छन् ।[१] संसदीय व्यवस्था नेपालका लागि नौलो नभए पनि संघीय प्रणाली नयाँ हो । संविधानको धारा १७५ मा एक सदनात्मक प्रदेश व्यवस्थापिकाको व्यवस्था गरिएको छ, जसलाई प्रदेश सभा भनिन्छ । वि.सं. २०७४ को निर्वाचन मार्फत पहिलो पटक गठन भएका प्रदेश सभाहरूले प्रादेशिक कानून तर्जुमा र तिनलाई प्रदेश सरकारले कार्यान्वयन गर्दै आएका छन् । सात प्रदेशमध्ये मधेश प्रदेशले कसरी काम गरेको छ भन्ने सबैको चासोका विषय रहँदैआएको छ, किनभने संघीयताको जन्मभूमि मधेश प्रदेश हो । मधेश प्रदेशको राजधानी जनकपुरधाममा मधेश प्रदेश सभा रहेको छ । वि.सं. २०७४ को निर्वाचनपछि गठित मधेश प्रदेश सभामा सात ओटा राजनीतिक दलको सहभागिता सहित जम्मा १०७ सदस्य छन् । संघीयताको लागि संघर्ष गरेको मधेश प्रदेशले मधेश-केन्द्रित दलहरूकै नेतृत्व पायो । त्यसैले, मधेश प्रदेशमा संघीयताको सफल कार्यान्वयन गरेर संघीयतालाई सफल बनाउने ऐतिहासिक जिम्मेवारी मधेश प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरूले पाएका छन् ।

[१] वैशाख ३०, २०७९ मा स्थानीय तहको निर्वाचन र मंसिर ४ मा प्रदेश तथा संघीय तहको निर्वाचनपछि सबै तहमा नयाँ जनप्रतिनिधिहरू आइसकेका छन् र प्रदेश सभाको दोस्रो कार्यकाल शुरू भइसकेको छ । यो अध्ययन हुँदा र लेखको प्रारम्भिक मस्यौदा लेख्दा स्थानीय तह, प्रदेश र संघीय संसद्का प्रतिनिधिहरूको पहिलो कार्यकाल चल्दै थियो । त्यसैले, यो लेख प्रदेश सभाको पहिलो कार्यकालमा मात्र सीमित रहेको छ ।

प्रदेश सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न तयार गरेको प्रदेश सभा कार्य सञ्चालन नियमावली, २०७५ बमोजिम आवश्यकता अनुसार विषयगत समिति वा विशेष समिति गठन गर्नसक्ने व्यवस्था छ । विषयगत समितिलाई स्थायी समिति भनिन्छ भने विशेष समितिलाई अस्थायी समिति भनिन्छ । प्रदेश सभाका विषयगत समितिहरूको काम प्रदेश सभाले कानून निर्माणका सम्बन्धमा अवलम्बन गरेका प्रणाली र तर्जुमा गरेका कानूनको कार्यान्वयनको अवस्था अध्ययन गरेर प्रदेश सभा, सरकार, नागरिक समाज र अन्य सरोकारवालालाई सुधारका लागि सुझाव दिनु हो । कतिपय विषयलाई निष्कर्षमा पुऱ्याउन पनि समितिलाई जिम्मेवारी दिइएको हुन्छ । यसै गरी, समितिहरूको काम प्रदेश सभाको काममा सहयोग गर्नु, सभाको कामको बोझ घटाउनु, र नीति तथा विधि निर्माणलाई प्रभावकारी तुल्याउनु पनि हो । आफ्नो कार्यक्षेत्र भित्रका मन्त्रालय/विभागका नीति, योजना, बजेट, कार्यक्रम, र स्रोत परिचालन तथा उपलब्धिको अनुगमन, मूल्यांकन र जाँच गर्नु पिन समितिको दायित्व हो । विषयगत समितिको प्रभावकारिताले नै वास्तविक अर्थमा संसद्लाई बलियो बनाउँछ । समितिका प्रत्येक सदस्यले विशेषज्ञता प्राप्त गरेका हुन्छन् भन्ने मान्यता छ । प्रदेश सभा नियमावली अनुसार विषयगत समिति गठन गर्दा सबै दलको सहभागिता, सबै समुदायको समावेशी र समानुपातिक प्रतिनिधित्व, र सदस्यहरूको रुचि, योग्यता, कार्यदक्षता र अनुभवको ख्याल गर्नुपर्ने हुन्छ ।

यो लेखमा मैले पहिलो मधेश प्रदेश सभाका विभिन्न विषयगत समितिहरूको कार्यशैली र प्रभावकारिताबारे चर्चा गरेकी छु । प्रादेशिक संसदीय अभ्यास गर्ने क्रममा दलहरू जनचासोप्रति इमानदार छन् कि छैनन्, आफूले उठाएका मुद्दा र संविधानले दिएको जिम्मेवारीप्रति सचेत र जवाफदेही भई काम गरेका छन् कि छैनन् भन्ने कुरा प्रदेश सभाका विषयगत समितिको अध्ययनबाट बुझ्न सकिन्छ । सबै समुदायको समावेशी र समानुपातिक प्रतिनिधित्वको वकालत गर्ने मधेश-केन्द्रित दलहरूले मधेश प्रदेशमा आफूले नेतृत्व गर्ने मौका पाउँदा महिला लगायतको समावेशी समानुपातिक प्रतिनिधित्वका मुद्दालाई कसरी लागु गरेका छन् भन्ने हेर्नु समेत यो अध्ययनको उद्देश्य हो ।

यो लेखमा मधेश प्रदेश सभाका सातमध्ये पाँच ओटा विषयगत समितिहरूको भूमिका र प्रभावकारिताको पक्षलाई अध्ययन गरेकी छु । खास गरी, समितिको नेतृत्व र सदस्यहरूको गतिविधिलाई प्रतिनिधिमूलक र प्रवृत्तिगत रूपमा वस्तुनिष्ठ ढंगबाट केलाउने प्रयास गरेकी छु । साथै, प्रदेश सभा सचिवालयको भूमिकालाई पनि छोटोमा विश्लेषण गरेकी छु । अध्ययनका क्रममा प्रदेश सभा सदस्यहरू, विभिन्न समितिका पदाधिकारीहरू, र सचिवालयका कर्मचारीहरूसँग सम्बन्धित समितिको कार्यकक्षमा बसेर अन्तर्वार्ता लिएकी थिएँ र उनीहरूबीच सामूहिक छलफल पनि गरेकी थिएँ । म आफै विषयगत समितिमध्ये कृषि

तथा भूमि व्यवस्थापन समितिको सदस्यको हैसियतमा काम गर्दाको अनुभवलाई पनि यहाँ समावेश गरेकी छु । साथै, ती समितिहरूका बैठकको माइन्यूटको पनि अध्ययन गरेकी छु ।

## विषयगत समितिमा महिला प्रतिनिधित्व र नेतृत्व

संघीयताका उद्देश्यहरूमध्ये अधिकारको बाँडफाँट समान रूपमा गर्नु पनि एक हो । वि.सं. २०६३ को मधेश आन्दोलन प्रादेशिक असमानताको विरुद्धमा भएको विद्रोह थियो । मधेश आन्दोलनमा सक्रिय भूमिका खेल्ने दलहरूले नै मधेश प्रदेशको पहिलो कार्यकालमा यसको सरकारको नेतृत्व गरेका छन् । मधेश प्रदेश सभा मधेश-केन्द्रित दलहरू (जनता समाजवादी पार्टी नेपाल र राष्ट्रिय जनता पार्टी नेपाल) को पूर्ण बहुमत भएको सभा हो । यी बाहेक नेपाली काँग्रेस, नेकपा-एमाले, नेकपा-माओवादी केन्द्र, नेकपा (एकीकृत समाजवादी), र नेपाल संघीय समाजवादी पार्टी नेपालको प्रतिनिधित्व प्रदेश सभामा छ । अरू प्रदेशमा मुख्यमन्त्री परिवर्तन भइरहँदा मधेश प्रदेशमा पाँच वर्षको पूरा कार्यकालको नेतृत्व एउटै मुख्यमन्त्री (लालबाबु राउत) ले पाएका छन् । *मधेश प्रदेश सभा कार्य सञ्चालन नियमावली,* २०७५ को नियम १४६ बमोजिम यस सभामा सात ओटा विषयगत समिति छन् । ती समितिहरूको कार्यक्षेत्र, समितिको नेतृत्वकर्ता, समितिमा रहेको लैंगिक सहभागिता र समितिमा पाँच वर्षमा बसेको बैठक संख्यालाई तालिका १ मा देखाइएको छ ।

**तालिका १ : मधेश प्रदेशका विषयगत समिति र तिनको कार्यक्षेत्र**

| क्र.सं. | विषयगत समिति | सभापति (राजनीतिक दल) | महिला सदस्य संख्या (%) | पुरुष सदस्य | बैठक संख्या |
|---|---|---|---|---|---|
| १ | सार्वजनिक लेखा समिति | नरेशकुमार यादव (नेपाली काँग्रेस) | ३ (२७%) | ८ | १२ |
| २ | प्रदेश मामिला समिति | अशोककुमार यादव (जसपा नेपाल) | ६ (५०%) | ६ | ७६ |
| ३ | अर्थ तथा योजना समिति | मनिषकुमार सुमन (जसपा नेपाल) | ६ (५०%) | ६ | ३७ |
| ४ | विकास समिति | शेख अबुल कलाम आजाद (जसपा नेपाल) | ३ (२१.४%) | ११ | २० |
| ५ | महिला, बालबालिका तथा सामाजिक न्याय समिति | जयनुल राईन (जसपा नेपाल) | १० (७१.४%) | ४ | ११५ |
| ६ | प्राकृतिक स्रोत तथा वातावरण समिति | जगतप्रसाद यादव (नेकपा-माके) रामचन्द्र मण्डल (नेकपा-माके) | ४ (३३.३%) | ८ | ३७ |
| ७ | कृषि तथा भूमि व्यवस्थापन समिति | वीरेन्द्रप्रसाद सिंह (नेपाली काँग्रेस), मदनसेनप्रसाद श्रीवास्तव (नेकपा एकीकृत समाजवादी) | ४ (३३.३%) | ८ | ६३ |
| **जम्मा** | **७** | **७ (सभापति) र ४ (दल)** | **३६ (४१.४%)** | **५१** | **३६०** |

*स्रोत : मधेश प्रदेश सभा, २०७५ ।*

चार ओटा समितिमा जनता समाजवादी पार्टी (जसपा) नेपालको बहुमत सहितको नेतृत्व छ भने अन्य तीन ओटा समितिमा अन्य तीन दलको नेतृत्व छ । अरू सबै प्रदेशमा कुनै न कुनै विषयगत समितिमा महिलाको नेतृत्व रहँदा मधेश प्रदेशका कुनै पनि विषयगत समितिमा महिलालाई नेतृत्व दिइएको छैन । माथिको तालिकाबाट सात ओटा विषयगत समितिमध्ये दुई ओटा (सार्वजनिक लेखा समिति र विकास समिति) मा प्रदेश कार्य सञ्चालन नियमावली २०७५ को धारा १४८(२) मा उल्लेख गरिएको महिलाको समानुपातिक प्रतिनिधित्व नभएको देखिन्छ । सबै समितिमा पुरुषको मात्र नेतृत्व हुनु तथा दुई ओटा समितिमा महिलाको प्रतिनिधित्व नियमावली विपरीत कम हुनुले मधेश प्रदेश सभा महिलामैत्री छैन भन्ने सन्देश दिएको छ । यसले एकतिर प्रदेशमा प्रतिनिधित्व गर्ने संसदीय दलहरू आफैले बनाएको नियमावलीप्रति प्रतिबद्ध र उत्तरदायी नभएको देखाउँछ भने अर्कोतिर मधेशका महिलाको नेतृत्व क्षमतामा प्रश्न उठाएको छ र उनीहरू आफ्नो समावेशिताको मुद्दामा एकताबद्ध नभएको देखाउँछ । समावेशी र समानुपातिक प्रतिनिधित्वको मुद्दा बोकेर संघीयताको वकालत गरेका मधेश-केन्द्रित दलहरूले नै विषयगत समितिहरूमा मधेशी महिलाको न्यूनतम प्रतिनिधित्व पनि नगराएको देखिन्छ । यसरी, समावेशिता र समानुपातिकताको विषयलाई प्रदेश सभा र प्रदेश सरकार समेतले खिल्ली उडाएको छ ।

प्रदेश सभाका विषयगत समितिहरूमा समावेशितालाई बेवास्ता गर्नुमा नेपालको राजनीतिक दलमा रहेको पितृसत्तात्मक सोच जिम्मेवार छ । प्रत्येक दलमा उपल्लो तहका नेताहरू पुरुष छन् । उनीहरूमा आफू शक्तिशाली हुनुपर्ने मनोविज्ञानले गर्दा आफ्नो र आफ्नो पार्टीको अनुकूल हुने गरी पुरुषलाई समितिको सभापतिको रूपमा चयन गर्छन् । दलभित्र कुनै छलफल तथा व्यक्तिको योग्यताका आधारमा नभई नेताहरूको आदेश र गुटबन्दीका आधारमा समेत समितिका सभापति चुनिएका हुन्छन् । यो कुरा महिला, बालबालिका तथा सामाजिक न्याय समितिको उदाहरणबाट प्रस्ट हुन्छ । यो समिति महिलाको मुद्दाको लागि र त्यसैले महिलाको नेतृत्व विकासको लागि बनेको हो । तर, विडम्बना, मधेश प्रदेश सभामा यो समितिमा बहुमत महिला सदस्यहरू हुँदाहुँदै पनि पुरुषको नेतृत्व हुन गयो । यसले एकतिर पुरुष सदस्यहरूमा रहेको पितृसत्तात्मक सोचलाई उजागर गरेको छ भने अर्कोतिर महिला सदस्यहरू आफ्नो अधिकारप्रति सचेत नभएको, सचेत भएर पनि विद्रोह गर्न नसकेको र उनीहरू दलको अधीनमा रहेको देखाउँछ । महिला सदस्यहरू सचेत हुँदा हुन् त अरू समितिमा प्रभाव जमाउन नसके पनि यो समितिमा नेतृत्व लिन समर्थ हुन्थे ।

यसै गरी, विभिन्न समितिमा रहेका महिला सदस्यहरूबीच पनि संवाद र सहकार्य नभएको तथ्य नेतृत्व चयनका यी घटनाले देखाउँछ । महिला सदस्यहरूले अरू समितिहरूमा कसरी

सभापति चयन भए, महिलाले सभापतित्व पाए कि पाएनन् भनेर चासो राखेर एकताबद्ध भएका भए सभापति चयनमा महिला समेत पर्न सक्थे ।

## विषयगत समितिको कार्यशैली र प्रभावकारिता

यो खण्डमा अध्ययनमा पारिएका पाँच ओटा समितिको कार्यशैली र प्रभावकारिताको चर्चा गरिएको छ । साथै, समितिको सचिवालयको कार्यबारे पनि छोटो चर्चा छ ।

### *सार्वजनिक लेखा समिति*

प्रदेश सभामा विषयगत समितिहरूमध्ये एउटा महत्त्वपूर्ण समिति सार्वजनिक लेखा समिति हो । नेपालमा २०१५ सालमा निर्वाचित प्रतिनिधि सभामै सार्वजनिक लेखा समितिको व्यवस्था थियो । नेपाल अधिराज्यको संविधान २०४७ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था गरिएको थियो । नेपालको संविधान २०७२ को धारा १९३ अनुसार प्रदेश सभाको कार्य प्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभा नियमावली २०७४ को नियम १४६ बमोजिम सार्वजनिक लेखा समिति गठन गरिने उल्लेख छ । सरकारी कोषको खर्च सभाले स्वीकृत गरे बमोजिम प्रभावकारी र मितव्ययी भए-नभएको जाँच गर्नु सार्वजनिक लेखा समितिको मुख्य कर्तव्य हो । समितिको उद्देश्य अनियमितता, महालेखा परीक्षकले औँल्याएका बेरुजु फछर्योट, त्यस उपर छानबिन लगायत प्रदेशको विभिन्न सार्वजनिक खर्च सञ्चालनको मामिलामा भएको भ्रष्टाचार वा कार्यसम्पादनको प्रभावकारितामा भएका कमीको प्रमाण खोजी गर्नु, साथै सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनु, र निर्देशन बमोजिम कार्यसम्पादन भए-नभएको निगरानी राख्नु हो । त्यस्तै, ऐन बमोजिम बजेट खर्च गरिएको छ/छैन वा जुन उद्देश्यको लागि विनियोजन गरिएको हो त्यसै काममा खर्च भएको छ वा छैन भन्ने पत्ता लगाउनु पनि समितिको काम हो ।

मंसिर ८, २०७५ मा जेष्ठ सदस्यको अध्यक्षतामा मधेश प्रदेश सभा सार्वजनिक लेखा समितिको पहिलो बैठक बसेको थियो । यो बैठकबाट कार्यविधि तयार गर्न उपसमिति गठन गर्ने निर्णय भएको थियो । पाँच-सदस्यीय उपसमिति गठन भयो, र फागुन ३, २०७५ मा समितिको नेतृत्व चयन प्रक्रिया शुरू पनि भयो, तर तत्कालीन नेकपाबाट भरत प्रसाद साह र शत्रुधन महतो दुई जना सदस्यले उम्मेदवारी दिएपछि समिति विवादित बन्यो । त्यसपछि लामो समयसम्म समिति निष्क्रिय रह्यो । यसको मुख्य दोषी प्रमुख प्रतिपक्षी दल तत्कालीन नेकपा हो, जसको आन्तरिक द्वन्द्वको कारण समितिले नेतृत्व पाउन सकेन । यो समितिलाई नेतृत्व विहीन बनाउनमा सरकार पनि दोषी देखिन्छ । सत्ता पक्ष तत्कालीन नेकपाबाट उम्मेदवार बनेका शत्रुधन महतोको प्रस्तावक संघीय समाजवादी दलका सांसद पारस साह थिए भने भरत साहका समर्थक र प्रस्तावक नेकपाकै सांसदहरू थिए । आफ्ना

अनुकूलको समितिको सभापति होस् भन्ने सरकारको चाहनाले लेखा समिति विवादित भएर निष्क्रिय भएको हो । यो विषयमा मैले पटक-पटक संसद्मा ध्यानाकर्षण गराएकी थिएँ । तीन वर्षभन्दा बढी समयपछि माघ २५, २०७८ मा समिति बैठकले सभापतिको मनोनयन सम्बन्धी प्रस्ताव उपस्थित सदस्य संख्या १४ मध्ये ९ जनाको समर्थनमा बहुमतबाट पारित गऱ्यो र नेपाली काँग्रेसका नरेशकुमार यादव सभापति पदमा निर्वाचित भए । यसरी आफ्नो कार्यकालको अन्तमा मात्र लेखा समितिले पूर्णता पायो ।

दलहरू जिम्मेवार र जवाफदेही नहुँदा महत्त्वपूर्ण मानिएको लेखा समिति नेतृत्व विहीन भएको थियो । यसबारे कुराकानी गर्दा समितिका सभापति नरेशकुमार यादवले तत्कालीन नेकपालाई दोषी देख्छन् । उनका अनुसार दलीय भागबण्डाको कारण लेखा समितिले नेतृत्व नपाएको हो, र कतिपय सदस्यलाई त यस कारण सदस्यको रूपमा पठाइएको छ कि निर्वाचन भएको बेलामा उपस्थिति रहोस् ।[२] यसै गरी, अर्का सदस्य उपेन्द्र महतोका अनुसार "यस समितिमा भएका धेरैजसो सदस्यलाई दलका नेताहरू व्यवस्थापनको लागि पठाइएको हो, न कि कामकाजी भूमिकाको लागि । धेरै सदस्यलाई यस समितिको काम, कर्तव्य, अधिकार के हो थाहा छैन । साढे चार वर्ष बितिसक्यो, तैपनि समितिले पहिलो वर्षको नै प्रतिवेदनको अध्ययन गरिरहेको छ ।"[३]

समितिले काम गर्न नसकेका कारण सरकारको काम-कारवाहीमा लगाम लगाउने कोही नहुँदा आर्थिक अनियमितताले बढावा पाएको अनुभव सदस्यहरूको रहेको थियो । सभापति यादवका अनुसार :

> मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले अनियमितता गरेकोमा छानबिनभन्दा बेरुजु आएको रकमलाई व्यवस्थापन गर्नमा समितिको ध्यान गएको देखिन्छ । प्रदेश सभा सदस्यहरूको निम्ति पहिलो वर्षमा विकास गर्न रु. १० लाखको दरले निर्वाचन क्षेत्रमा काम गर्न दिएको थियो । तर, पछि त्यो रकम लेखा परीक्षण कार्यालयले बेरुजु ठहऱ्याएको थियो । त्यसै गरी, सांसदहरूलाई दिइएको तलब तथा सुविधाको रकम पनि बेरुजु ठहऱ्याएको छ ।[४]

त्यसै गरी, सदस्य रामआषिश यादवका अनुसार "प्रदेश सभाबाट पास भएको कार्यविधिभन्दा मन्त्रालयहरूले आफ्नै कार्यविधि र नियमावली बनाएर काम गरेको देखिन्छ । नेतृत्व नहुँदा

[२] सभापति यादवसँग समितिको कार्यकक्षमा असार २०, २०७९ मा गरिएको कुराकानी ।

[३] महतोसँग समितिको कार्यकक्षमा असार २०, २०७९ मा गरिएको कुराकानी ।

[४] सभापति यादवसँग समितिको कार्यकक्षमा असार २०, २०७९ मा गरिएको कुराकानी ।

जुन विषयहरूमा छलफल गर्नुपर्ने हो गर्न सकेनौँ । जसको कारण धेरै मन्त्रालयमा बेरुजु आएको छ । त्यसको पनि अध्ययन गरी समाधान गर्ने सभापतिको भनाइ थियो ।"[५]

समितिको पहिलो बैठक मंसिर ८, २०७५ मा बसेर दोस्रो बैठक एकै चोटि पुस १२, २०७७ मा बसेको देखिन्छ । बैठकको माइन्यूट अध्ययन गर्दा समितिको बैठक जम्मा १२ पटक मात्र बसेको पाइयो, जुन प्रदेश सभाका समितिहरू मध्येकै सबैभन्दा कम हो । बैठकको महत्त्वपूर्ण निर्णय भनेको माघ २५, २०७८ मा समितिको सभापति चयन नै हो । त्यस पछिको अर्को महत्त्वपूर्ण निर्णयमा साउन ५, २०७९ मा सर्लाही जिल्लाको बागमती नगरपालिकास्थित भरतताल तथा मुख्यमन्त्री स्वच्छता अभियान लगायतमा आर्थिक अनियमितता भएको गुनासो आएपछि छानबिनको लागि सक्कल फाइल अर्थ मन्त्रालयबाट झिकाउन आदेश दिएको थियो ।

बैठकमा उपस्थित हुने र आफ्ना विचार वा प्रश्न राख्ने सम्बन्धमा सदस्यहरूको सक्रियता खासै देखिएन । समितिका सभापतिका अनुसार यस समितिमा सबै दलका प्रमुख सचेतक तथा नेताहरू भएको हुनाले समयमै बैठक शुरू गर्न र कोरम पुऱ्याउन सधैँ गाह्रो हुने गरेको थियो । केही सदस्यहरूले मात्र अध्ययन गरेर आउने गरेका थिए । महिला सदस्यका विषयमा कुराकानी गर्दा महिला सदस्यहरू विषय विज्ञताको हिसाबले जानकार नभएको र अध्ययन गरेर आउने चलन नभएको कुरा उठेको थियो । यो समितिका सदस्यहरू पनि बीचमा हेरफेर भएका थिए ।

बैठकको कुनै अभिलेखीकरण हुने गरेको छैन । समितिको आफ्नै नाममा बैंक खाता छैन । कर्मचारीहरूलाई तालिमको अभाव छ । यस समितिको कार्यकक्ष छ, तर बैठक भने प्रदेश सभामा रहेको साझा बैठक हलमा हुने गरेको छ ।

## *प्रदेश मामिला समिति*

विधेयकहरूलाई परिमार्जन गरी परिष्कृत गर्न, साथै प्रदेश सभाका अन्य कार्यलाई व्यवस्थित र प्रभावकारी रूपमा सम्पादन गर्न, प्रदेशका काम-कारवाहीप्रति प्रदेश सभाका सदस्यलाई जागरुक र जिम्मेवार तुल्याउन, र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन प्रदेश मामिला समिति गठन भएको हो । यो समितिलाई अन्य प्रदेशमा विधायन तथा प्रदेश मामिला समिति पनि भनिन्छ ।

यो समितिको फागुन ३, २०७५ को बैठकले सभापतिमा जसपा नेपालका अशोककुमार यादवलाई निर्विरोध निर्वाचित गरेको थियो । शुरूमा समितिको काम-कारवाही जेष्ठ सदस्यले गरेका थिए । समितिका सदस्यहरू अन्य समितिमा सरुवा पनि भएका छन् । समितिमा पदेन सदस्य मुख्यमन्त्री तथा आन्तरिक मामिला तथा सञ्चार मन्त्री हुने व्यवस्था छ ।

[५] सभापति यादवसँग समितिको कार्यकक्षमा असार २०, २०७९ मा गरिएको कुराकानी ।

समिति सदस्य बेची लुँगेलीका अनुसार दलीय भागबण्डाको कारण समितिहरू प्रभावकारी हुन सकेनन् ।[६] उनका अनुसार सभापति स्वयं जानकार हुनुपर्ने हो र सभापति स्वयंले धेरै कुरा सिक्नुपर्ने देखिन्छ । साथै, प्रदेश नयाँ-नयाँ भएकाले काम गर्न समस्या आइपरेको उनी बताउँछन् ।

समितिका सभापति यादव समितिले गरेका निर्देशनहरू सम्बन्धित मन्त्रालयले कुनै सुनुवाइ नगरेको गुनासो गर्छन् । उनी भन्छन्, "कोभिडको समयमा आफैमाथि भएको दुर्व्यवहारको बारेमा लिखित जानकारी गराउँदा समेत कुनै कारवाही भएन । कोभिडको समयमा देखिएको लापर्वाहीबारे होस् वा बाढी पहिरो गएको बेला, जनताले दु:ख पाएको बेलामा गरिएको निर्णयमा होस्, सरकारले कुनै सुनुवाइ गरेन ।"[७]

समितिमा ७६ पटक बैठक बसेको रेकर्ड छ । समितिको बैठकमा पहिला कोरम नपुग्ने गरेको र पछि पुग्न थालेको थियो । समितिमा महिला र पुरुष सदस्यहरूको समान प्रतिनिधित्व देखिन्छ । बैठकमा सहभागिताको विषयमा कुरा गर्दा एक जना सदस्यका अनुसार केही सदस्यको उपस्थिति बैठकमा एकदम कम हुने गरेको छ, जसले बिरामी भएको र टाढा भएको कारण देखाउने गरेका थिए ।[८]

### *कृषि तथा भूमि व्यवस्थापन समिति*

असोज २७, २०७५ मा कृषि तथा भूमि व्यवस्थापन समितिको गठन भएको थियो । फागुन १३, २०७५ को तेस्रो बैठकमा नेपाली काँग्रेसका वीरेन्द्रप्रसाद सिंह समितिको सभापति पदमा निर्विरोध निर्वाचित भए । दलीय सहमति अनुसार यो समितिको नेतृत्व नेपाली काँग्रेसको भागमा परेको थियो । सिंहका अनुसार प्रत्येक समितिमा दलीय भागबण्डा गरिएको थियो । म स्वयंले तत्कालीन नेकपाबाट यो समितिको सदस्य भएर काम गर्दा सबै समितिको सभापतिदेखि सदस्यसम्म संसदीय दलको नेताको एक्लो मनोमानीको आधारमा भागबण्डा गरिएको अनुभव छ । तत्कालीन नेकपाका संसदीय दलका नेता सत्यनारायण मण्डलले नेकपा संसदीय दलका सबै सांसदसँग कुन समितिमा बस्ने चाहना छ भनेर सोधेका थिए । मैले तीन ओटा समितिहरू—महिला, बालबालिका तथा सामाजिक न्याय समिति; प्रदेश मामिला समिति; र विकास समिति—को नाम दिएकी थिएँ । तर, मैले नचाहेको कृषि तथा भूमि व्यवस्थापन समितिमा नाम पठाएको कुरा कर्मचारीबाट थाहा पाएँ । यसरी सम्बन्धित सदस्यको इच्छा वा उसको विज्ञताभन्दा पनि दलीय आधारमा समितिको सदस्य मनोनीत हुन्थे । यस्तै अनुभव अरू सदस्यहरूले पनि अन्तर्वार्ताको क्रममा व्यक्त गरेका थिए ।

[६] लुँगेलीसँग समितिको कार्यकक्षमा असार १९, २०७९ मा गरिएको कुराकानी ।

[७] सभापति यादवसँग समितिको कार्यकक्षमा असार १९, २०७९ मा गरिएको कुराकानी ।

[८] एक सदस्यसँग समितिको कार्यकक्षमा असार १९, २०७९ मा गरिएको कुराकानी ।

सभापति वीरेन्द्रप्रसाद सिंह मन्त्री बनेपछि समितिबाट राजीनामा दिए। त्यसपछि समिति नेतृत्व विहीन बन्यो र बैठक भएन। तीन वर्षपछि माघ २४, २०७८ मा समितिको बैठकले सभापति मनोनयन सम्बन्धी प्रस्ताव उपस्थित सदस्य संख्या १० मध्ये ७ जनाको समर्थनमा बहुमतबाट पारित गर्‍यो र तत्कालीन नेकपा (अहिले नेकपा एकीकृत समाजवादी) का मदनसेन श्रीवास्तव सभापति बने। उनी सोही दिन मात्रै अर्थ तथा योजना समितिबाट सरुवा भई कृषि तथा भूमि व्यवस्थापन समितिको सदस्यमा मनोनीत भएका थिए। उनीसँगै सुरेश मण्डल र ज्ञानेन्द्र यादव पनि अरू समितिबाट सरुवा भएर मनोनीत भएका थिए।

त्यो समितिमा नेकपाकै हामी अरू दुई सांसद—केन्द्रीय तहका नेता समेत रहेका दलित सांसद र दलका उपनेता रविन्द्र वैठा र म महिला सांसद—शुरूआती चरणदेखि नै थियौँ। तर, बिनापरामर्श नेकपाका संसदीय दलका नेता सत्यनारायण मण्डलले श्रीवास्तवलाई सभापति बनाएका थिए। समितिको सो बैठकमा मेरो असहमति थियो र म गइनँ। नेकपा दलको बैठक नबसिकनै सहमति गरिएको थियो। मैले नेकपाका नेताहरूसँग बुझ्दा कुनै जवाफ आएन। यसरी दलीय नेतृत्वको मनोमानीले विषयगत समितिको गठन भएको प्रस्ट हुन्छ।

समितिको पहिलो बैठक मंसिर ८, २०७५ मा बसेको थियो। समितिको माइन्यूटको अध्ययन गर्दा जेठ २९, २०७९ सम्ममा ६३ पटक बैठक बसेको रेकर्ड भेटिन्छ। माइन्यूटमा उल्लेख भए अनुसार छ ओटा बैठक बिनाप्रस्ताव र बिनानिर्णय बसेको छ। उदाहरणको लागि, चैत १, २०७५ मा बैठक बसेको छ, जसमा विभागीय मन्त्री र सचिवको उपस्थिति देखिन्छ, तर प्रस्ताव छैन र कुनै निर्णय भएको छैन।

यस समितिको शुरूआततिर सभापतिको कार्यालय र बैठक कक्ष समेत थिएन। धेरै पछि समितिको कार्यालय बन्यो। सबै समितिको बैठक कक्ष प्रायः जसो प्रदेश सभामा रहेको सभाहल नै थियो।

## *महिला, बालबालिका तथा सामाजिक न्याय समिति*

यो समितिको पहिलो बैठक मंसिर ८, २०७५ मा बसेको देखिन्छ, जसमा जेष्ठ सदस्य निलमदेवी भुमिहारिन र पदेन सदस्य सामाजिक विकास मन्त्री नवलकिशोर साह सुडीको उपस्थिति थियो। फागुन ३, २०७५ को छैठौँ बैठकबाट सभापति पदमा जसपाका जयनुल राईन निर्विरोध निर्वाचित भए। दलीय भागबण्डामा यो समितिको नेतृत्व जसपा नेपालले पाएको थियो। तर, विडम्बना, महिलाको हकहितको लागि बनेको र महिलाको नेतृत्व हुनुपर्ने यो समितिमा पनि पुरुषलाई नै नेतृत्व दिइयो। समिति सदस्य सरस्वती चौधरीका अनुसार "हामीले दाबी गरेको थियौँ समितिको सभापति महिला नै हुनुपर्ने भनेर। दलीय भागबण्डाको कारण हाम्रो आवाजको केही सुनुवाइ लागेन।"[९] तर अर्का सदस्य नेकपा

[९] चौधरीसँग समितिको कार्यकक्षमा असार १४, २०७९ मा गरिएको कुराकानी।

एकीकृत समाजवादी पार्टीका डिल्ली उप्रेतीका अनुसार समितिमा जसपाकै महिला सदस्यहरूको दाबी रहेको देखिएन—“हामीले माननीय रानी शर्मा तिवारीको सभापतित्व स्वीकार गर्न तयार छौँ भनेको थियौँ। तर, उहाँले संसदीय दलको सिफारिस नै मेरो सहमति हो भन्ने भनाइ राख्नुभएको थियो।”[१०] अन्तर्वार्ताका क्रममा उनले आफू पनि सो समितिको सभापति बन्न चाहेको बताएका थिए। तर, दलको दाबी नभएपछि उनको मात्र इच्छाले हुने थिएन।

समितिहरूमध्ये सबैभन्दा बढी (१० जना) महिला सदस्य रहेको यो समितिमा पुरुषको संख्या चार छ। त्यसैले, समितिमा संख्यात्मक उपस्थितिका हिसाबले पनि महिलाको नेतृत्व हुनुपर्ने थियो। लोकतान्त्रिक व्यवस्थामा बहुमतको अधीनमा अल्पमत हुनुपर्छ भनिए पनि यो समितिमा बहुमतलाई अल्पमतले पराजित गरेको छ। त्यसै गरी, संवैधानिक हिसाबले र नीतिगत हिसाबले महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा महिला नेतृत्व हुनुपर्ने मान्यतालाई समेत लत्याइएको छ। यसको कारण खोज्ने क्रममा सभापति जयनुल राईनसँग कुराकानी गर्दा दलीय भागबण्डा नै मुख्य कारण भएको पाइन्छ। उनका अनुसार, “दलको निर्देशन नै सर्वोपरि भएको हुनाले यस समितिको सभापतिको नेतृत्व लिन सफल भएको हो। दलको निर्देशन नमानेको खण्डमा ह्विप लाग्ने हुनाले सबै दलका सांसदहरू बाध्य भएका हुन्।”[११]

संख्याको हिसाबले यो समितिको नै सबैभन्दा बढी बैठक (११५ पटक) बसेको पाइन्छ। १०९ औँ बैठकसम्म बसेको माइन्यूट हेर्दा ५० ओटा जति बैठक त कुनै निर्णयबिना नै सम्पन्न भएको पाइयो। पहिलो बैठकमा कार्यविधि र कार्यक्षेत्रका सम्बन्धमा प्रस्ताव प्रस्तुत गरिएको देखिन्छ, तर सोबारे केही निर्णय भएको पाइँदैन। त्यस सम्बन्धमा कुनै अभिलेख राखिएको छैन। त्यसैले, सो बैठकमा कार्यविधि र कार्यक्षेत्र के-के निर्धारण गरियो वा गरिएन भन्नेबारे केही जानकारी पाइँदैन।

समितिका बैठकहरू निरन्तर बसेको देखिन्छ। सदस्यहरूको उपस्थिति हरेक बैठकमा भएको पाइन्छ। कहिलेकाहीँ मात्र बैठकमा कोरम नपुगेको अनुभव समितिका सदस्य डिल्ली उप्रेतीको रहेको छ। यस समितिका सबै निर्णयहरू सर्वसम्मत पारित हुने गरेका देखिन्छन्। बैठकमा पदेन सदस्यको रूपमा सामाजिक विकास मन्त्री नवलकिशोर साह रहेका छन्। बैठकमा एक-दुई पटक उनको उपस्थिति देखिन्छ। त्यसै गरी, विज्ञहरूको पनि एक-दुई पटक उपस्थिति देखिन्छ। बैठकका माइन्यूट अध्ययन गर्दा सदस्यहरूले जिल्ला अस्पताल र प्रतिष्ठानहरू अनुगमन भ्रमण गरेको उल्लेख छ। समितिका बैठकहरूको छलफलमा

[१०] उप्रेतीसँग समितिको कार्यकक्षमा असार १४, २०७९ मा गरिएको कुराकानी।

[११] सभापति राईनसँग समितिको कार्यकक्षमा असार १४, २०७९ मा गरिएको कुराकानी।

कहिलेकाहीँ पत्रकारहरूलाई आमन्त्रण गरेको पाइन्छ । तर, मिडियामा समितिको काम-कारवाहीबारे समाचार भने आएको देखिँदैन ।

यो समितिको पृष्ठभूमिको आधारमा बैठकहरूलाई विश्लेषण गर्दा प्रदेश सरकार समावेशी छ/छैन, समितिहरू समावेशी र समानुपातिक छन्/छैनन्, संविधानले दिएका अधिकारहरू प्रदेश सरकारले कार्यान्वयन गरेका छन्/छैनन्, लैंगिकमैत्री नीति तथा कार्यक्रम छन्/छैनन्, बजेट महिलामैत्री छ/छैन, वार्षिक प्रतिवेदन प्रस्तुत भएको छ/छैन भन्ने जस्ता विषयमा कुनै पनि बैठक बसेको रेकर्ड छैन वा माइन्यूटमा देखिँदैन । त्यसै गरी, समितिको सभापति स्वयंले सदनमा यस विषयमा कुरा राखेको रेकर्ड छैन । यस विषयमा समितिका अन्य सदस्यहरूले पनि लिखित ध्यानाकर्षण गराएको देखिँदैन । यस कोणबाट विश्लेषण गर्दा समिति आफ्नो कार्यक्षेत्रबारे स्पष्ट नभएको देखिन्छ । उदाहरणका लागि, मदरसा विधेयक सम्बन्धी छलफल गर्ने भनी समितिले सदस्यहरूलाई सूचित गऱ्यो, जसमा मलाई पनि आमन्त्रित गरिएको थियो । त्यही अनुसार भोलिपल्ट समितिका पदाधिकारी तथा सदस्यहरू र मदरसामा सहयोग गर्ने अन्तर्राष्ट्रिय गैससका प्रतिनिधि उपस्थित भए । साथै, विज्ञ पनि बोलाइयो । चिया-खाजा सबैले खाए । अन्तिममा सभापतिले आजको अन्तर्क्रिया कार्यक्रममा मदरसा विधेयकमा छलफल नहुने जानकारी गराए र बैठक बोलाइएको मुख्य विषयमै छलफल नभई सकियो । त्यो विधेयकमा पछिसम्म पनि न समितिमा छलफल भयो, न प्रदेश सभामा छलफल भएको छ । यसरी सभापतिले नचाहँदा महत्त्वपूर्ण विधेयक पनि अलपत्र पर्ने गरेको देखियो ।

आफूले दिएका निर्देशनहरू सरकार र सम्बन्धित मन्त्रालयले कार्यान्वयन नगरेको अनुभव समितिका सदस्यहरूको थियो । डिल्ली उप्रेतीका अनुसार पटक-पटक निर्देशन दिँदा पनि सम्बन्धित निकायले कार्यान्वयन गरेका छैनन् । कोभिड-१९ मा प्रभावकारी रूपमा सरकारले काम नगरेको समितिको सदस्यहरूको अनुभव छ । बाढीपहिरोको समस्यालाई सरकारले अविलम्ब सम्बोधन नगरेको गुनासो छ ।

समितिका सदस्यहरूको योग्यताबारे सदस्यहरूसँग कुराकानी गर्दा राजनीति गर्ने क्रममा भोगेका-देखेका अनुभवहरू नै मुख्य योग्यता रहेको देखिन्छ । सम्बन्धित विषयमा काम गरेको पृष्ठभूमिका आधारमा कोही पनि सदस्य चयन भएको पाइँदैन ।

यस समितिको केही वर्षदेखि सभापतिको आफ्नै कार्यालय छ र बैठक बस्न प्रदेश सभाको सभाकक्ष प्रयोग गर्ने गरिएको छ । समितिको नाममा आफ्नै खाता छैन । कति बजेट यस समितिको प्रभावकारिता, गतिशीलताको लागि छुट्ट्याइएको हो भनी सभापति र सदस्यहरूलाई थाहा छैन । समितिका सभापति भन्छन्, "सबै स्रोत-साधन, आर्थिक अधिकार प्रदेश सभाको सचिवले राखेको छ । हामी र हाम्रो समिति प्रदेश सभाका सचिव र सभामुखमाथि भर परेका छौँ । हामी सबै समितिका सभापतिहरू सभामुख समक्ष

गएका थियौँ । समितिहरूलाई गतिशील बनाउन र प्रभावकारी बनाउन समितिको लागि आवश्यक बजेट छुट्ट्याइदिनुहोस् भनी डेलिगेशन समेत जाँदा पनि कुनै किसिमको सुनुवाइ अहिलेसम्म भएको छैन ।"[१२]

## *विकास समिति*

विकास समितिलाई प्रदेश सभाको एउटा महत्त्वपूर्ण समितिको रूपमा हेरिएको छ । यो समितिलाई अन्य प्रदेशमा अर्थ तथा विकास समिति भन्ने गरिन्छ । यो समितिको पहिलो बैठक मंसिर ८, २०७५ मा जेष्ठ सदस्य सिंगासन कलवारको अध्यक्षतामा बसेको थियो । यस समितिको फागुन ३, २०७५ मा भएको निर्णय अनुसार समितिको सभापतिमा शेख अबुल कलाम आजाद निर्विरोध चयन भएका थिए । यो समितिको नेतृत्व जसपाको भागमा परेको थियो । सचेतक तथा समिति सदस्य सुन्दर विश्वकर्माका अनुसार "हामीलाई सभापतिमा जसको नाम पठाइयो हामीले निर्णय गरिदियौँ । तर, पछिल्लो समयमा सही व्यक्तिलाई छनोट गर्न सकेनौँ कि भन्ने महसुस भएको छ । विशेष गरेर सभापतिको सक्रियतामा समितिले काम गर्ने हो । सदस्यहरू सबै सहयोग गर्न तयार नै थियौँ । तर, उहाँले समितिको गम्भीरतालाई, जिम्मेवारीलाई बुझ्नुभएको छैन, जसले गर्दा समितिको सदस्य भए-नभएको जस्तै अनुभूति भएको छ ।"[१३] दलीय भागबण्डाकै कारण यस्तो अवस्था आएको सदस्य विश्वकर्माको पनि भनाइ छ । समितिका सभापति वैशाख २०७९ को स्थानीय चुनावमा नगरपालिकाको मेयरमा उठ्ने भएकोले उहाँले पदबाट राजीनामा दिएपछि करिब चार महिनासम्म समिति नेतृत्व विहीन भयो । विश्वकर्मा भन्छन्, "चार वर्ष जसरी काम गर्नु पर्थ्यो त्यसरी गर्न सकेन समितिले । अहिले झन् निष्क्रिय छ ।" पछि भाद्र १ मा समितिमा नरहेका रीना यादव समितिको सभापति बनिन्, तर उनको सभापतित्व अनुमोदन नगरिकनै प्रदेश सभाको कार्यकाल सकियो ।

विकास समितिको बैठकले निरन्तरता पाएको देखिँदैन । बैठक जम्मा २० पटक बसेको देखिन्छ । सदन चलेको दिन मात्र बैठक बोलाउने गरेको अनुभव सदस्य सुन्दर विश्वकर्माको छ । यो समितिको बैठकले गरेका केही महत्त्वपूर्ण छलफल तथा निर्णयहरू हेर्दा *प्रादेशिक विद्युत सम्बन्धी विधेयक, २०७५* माथि दफावार छलफल गरी संशोधन सहित पास गरेको देखिन्छ । *प्रादेशिक सवारी तथा यातायात व्यवस्थापन विधेयक, २०७५* माथि छलफल गरी संशोधन आवश्यक परेकोले सो सहितको प्रतिवेदन पेश गर्नका लागि पाँच जना सदस्यहरू सम्मिलित एक उपसमिति गठन गर्ने निर्णय गरेको छ, तर त्यो उपसमिति

[१२] सभापति राईनसँग समितिको कार्यकक्षमा असार १४, २०७९ मा गरिएको कुराकानी ।

[१३] विश्वकर्मासँग समितिको कार्यकक्षमा असार १६, २०७९ मा गरिएको कुराकानी ।

गठन गरेको भने देखिँदैन । यस विषयमा अहिलेसम्म कुनै किसिमको निर्देशन दिएको वा अनुगमन गरेको पनि देखिँदैन ।

समितिमा १२ जना पुरुष र तीन जना महिला सदस्य छन्, जुन समितिहरू मध्येकै सबभन्दा कम महिला प्रतिनिधित्व हो । यो समितिको बैठकमा कोरम पुऱ्याउनै समस्या हुने गरेको छ । समितिको सभापतिको सक्रियता नभएपछि सदस्यहरूको सक्रियतामा पनि कमी आएको देखिन्छ । त्यसै गरी, बैठकमा सदस्यहरूले विषयवस्तुमा राखेको कुराको अभिलेखीकरण हुने गरेको छैन । बोलेका कुरा रेकर्ड गर्ने चलन देखिएन । यस्ता सवालमा आवश्यक दक्ष जनशक्तिको अभाव यस समितिले पनि भोगेको छ ।

### *समितिको सचिवालय*

विषयगत समिति प्रभावकारी बनाउन सचिवालयको महत्त्वपूर्ण भूमिका हुन्छ । *प्रदेश सभा नियमावली २०७५* को नियम १६१ मा समितिको सचिवालय सम्बन्धी व्यवस्था छ । प्रदेश सभाको सचिव प्रत्येक समितिको पदेन सचिव हुन्छ । सचिवले सभापतिको अनुमति लिई बैठकको विचाराधीन विषयमा आफ्नो राय दिन सक्छ । सचिवले समितिको कार्यसम्पादनमा सहयोग पुऱ्याउन सम्बन्धित मन्त्रालय, विभाग वा निकायसँग आवश्यक जानकारी माग्न सक्छ ।

समितिका सभापतिहरूसँग छलफल गर्दा र माइन्यूटको अध्ययन गर्दा सचिवालयमा कार्यरत कर्मचारीहरूले सबै समितिको बैठकमा सहभागिता जनाएको देखिन्छ । असाध्यै न्यून संख्यामा अधिकृत स्तरको कर्मचारी रहेको कारण यसो हुन गएको हो, जसको सम्बोधन गर्न प्रदेश सभाले सकेन । प्रदेश सभाका अधिकृतहरूको छोटो समयमा नै सरुवा हुने गरेको छ । छलफलको क्रममा सचिवालयका कर्मचारीहरूले कार्यालय समयभन्दा अघिपछि बैठक बोलाउँदा ओभरटाइम बापतको भत्ता-सुविधा नपाएको र त्यस्तो सुविधा दिएमा काममा सहयोग पुग्ने कुरा बताएका थिए । यसरी थप सुविधा नभएकाले उनीहरू सक्रिय नभएको र परिणामतः कामको गतिशीलता नभएको बुझ्न सकिन्छ ।

## निष्कर्ष

पहिलो मधेश प्रदेश सभाका विषयगत समितिहरूले सबल नेतृत्व र केही समितिहरूमा समयमै नेतृत्व पाउन सकेनन् र समितिहरू गतिशील र प्रभावकारी हुन सकेनन् । दलीय भागबण्डाकै कारण केही समितिहरूले वर्षौंसम्म नेतृत्व नपाउने र पाए पनि सबल नेतृत्व नपाउने अवस्था रह्यो । समिति गठन भएको निश्चित समयभित्र सभापति छान्नुपर्ने र सभापतिले राजीनामा दिएमा निश्चित समयभित्र अर्को सभापति छान्नुपर्ने बाध्यात्मक व्यवस्था नियमावलीमा नभएकोले यस्तो समस्या आएको आकलन गर्न सकिन्छ । साथै, विषयगत

समितिहरूले संविधान, कानून, र आफ्नै नियमावलीले तोकेको महिलाको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरेको छैन । त्यसमाथि, कुनै पनि समितिमा महिलाको नेतृत्वलाई ठाउँ दिइएको छैन । यहाँसम्म कि, महिलाका मुद्दा बोक्ने र महिलाको बहुमत समेत भएको महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा समेत महिलालाई नेतृत्व नदिएर महिलाहरू सबैभन्दा बढी उपेक्षित रहेको मधेश प्रदेशमा महिला जनप्रतिनिधिहरू समेत उपेक्षित हुनुपरेको छ । यसको एउटा कारण नियमावलीमै महिला लगायतका नेतृत्व सुनिश्चित नगरिएकोले पनि हो ।

बैठक सञ्चालनका लागि समितिको सभापतिलाई अधिकार सम्पन्न बनाइएको छ, तर सभापतिहरूले सो अधिकार अनुसार बैठक सञ्चालन गर्न सकेको देखिँदैन । समितिका सभापति र सदस्यहरूले बैठक बापत पाइने सुविधाबारे जति चासो लिएको पाइन्छ, समितिमा आफूले निभाउनुपर्ने दायित्त्वका साथै समितिको भूमिकालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा चिन्तन गर्ने गरेको त्यति पाइँदैन । ठोस प्रस्तावबिना नै बैठक बस्ने, बैठक बसे पनि छलफल नहुने, छलफल गरे पनि निर्णय नहुने र बैठकमा भएका छलफलहरूको व्यवस्थित अभिलेखीकरण नगरिने जस्तो कार्यशैली व्यापक छ । त्यसै गरी, बैठकमा कोरम नपुग्ने समस्या छ । बैठकमा गए पनि आफ्ना कुरा नराख्ने, राखे पनि विषयवस्तु बाहिर गएर राख्ने, र बैठकमा हाजिर गरेर निस्किहाल्ने समस्या प्रायः सबै समितिहरूमा देखिन्छ । समिति प्रभावकारी हुन सक्षम नेतृत्वको साथै समितिलाई भरपूर समय दिनसक्ने सदस्यहरू हुनुपर्नेमा त्यसो हुन सकेन ।

कुनै पनि समितिको वार्षिक प्रतिवेदन छैन । यसबारे प्रदेश सचिवलाई सोधपुछ गर्दा कुनै समितिले पनि वार्षिक कार्य योजना र वार्षिक प्रतिवेदन तयार गर्ने नगरेको पाइयो । माइन्यूटको अध्ययन गर्दा पनि कुनै समितिले वार्षिक प्रतिवेदन प्रदेश सभामा प्रस्तुत गरेको देखिँदैन । कुनै पनि विधेयक संसद्मा दर्ता गर्नुअघि बृहत् रूपमा नागरिकबीच छलफल र परामर्श गर्ने र कुनै कानून कार्यान्वयन गर्दा प्रत्यक्ष सेवाग्राही र सरोकारवालालाई जानकारी दिने काम विषयगत समितिहरूले गरेको देखिँदैन । सरकारको र मन्त्रीहरूको आफ्नो चाहना अनुसार समितिबाट विधेयकहरू द्रुत गतिमा पास गराएको देखिन्छ । जनलोकपाल, मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, र दलित सशक्तीकरण विधेयकलाई उदाहरणका रूपमा लिन सकिन्छ । यसले समितिहरू क्रियाशील हुन नसकेको र त्यसैले प्रभावकारी नभएको स्पष्ट पार्छ । प्रदेश सभाका समितिहरूको औचित्यमाथि नै प्रश्न उठाउने ठाउँ यसले दिएको छ ।

समग्रमा, पहिलो मधेश प्रदेशका विषयगत समितिहरूमा सबल र सामयिक नेतृत्व छैन, र फलतः समितिहरू प्रायः निष्क्रिय र अनिर्णायक छन् । यसको मुख्य कारण दलीय राजनीतिको भागबण्डाको चेपमा परेर समितिहरू गतिशील हुन नपाएकोले हो । यसबाट प्रदेश सभालाई गतिशील बनाउन मद्दत गर्नुपर्ने पहिलो मधेश प्रदेश सभा नै असफल भएको

निष्कर्ष निकाल्न सकिन्छ । संघीयताको मुद्दालाई उठाएका मधेश-केन्द्रित राजनीतिक दलहरूले नै आफ्नो प्रदेशका विषयगत समितिहरूलाई सुचारु गर्न नसक्नुले संघीयताको प्रभावकारी कार्यान्वयनमा मधेश-केन्द्रित दलहरूकै अनिच्छा रहेको संकेत गर्छ । नव-निर्वाचित दोस्रो मधेश प्रदेश सभा र सो सभाबाट बन्ने विषयगत समितिहरूले यी कुराबारे जानकारी राखेर उचित कार्यशैली अपनाएमा र प्रभावकारी कार्यसम्पादन गरेमा मात्र मधेश प्रदेश र संघीयतालाई सफल बनाउन सकिन्छ ।

## धन्यवाद

मलाई योग्य ठानी आफ्नो रुचिको विषयमा अनुसन्धान-लेखनको जिम्मेवारी दिने मार्टिन चौतारी र परियोजनाका संयोजक सोहन प्रसाद साहप्रति कृतज्ञ छु । अन्तर्वार्ताका लागि समय दिनुहुने मधेश प्रदेश सभाका विषयगत समितिका सभापतिहरू र माननीयज्यूहरूप्रति आभारी छु । तथ्यांक र सूचना संकलनमा सहयोग गर्नुहुने प्रदेश सभा सचिवालयका प्रमुख सचिव रंजित कुमार यादव लगायत विषयगत समितिका कर्मचारी मित्रहरूलाई धन्यवाद छ । तालिम र कार्यशालामा सल्लाह-सुझाव दिनुहुने पत्रकारहरू चन्द्रकिशोर, भोला पासवान, र विश्वमणि पोखरेललाई धन्यवाद छ । लेखन कार्यभरि मलाई निराश हुन नदिई सधैँ ऊर्जा प्रदान गर्नुहुने सोहन प्रसाद साह, लोकरञ्जन पराजुली, अर्जुन पन्थी, र हर्षमान महर्जनप्रति आभारी छु । लेखको सम्पादन गरिदिनुहुने महेशराज महर्जनको मेहनतको कदर गर्दछु ।